# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०५।२६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

प्रहरी प्रभाग बुढानिलकण्ठ, काठमाडौंमा कार्यरत प्रहरी बरिष्ठ हवल्दार बिष्णु सिंहले खोलाको ढल सरसफाई तथा निकास गर्दा निस्किएको बालुवा व्यवस्थापन गर्न सहजीकरण गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज प्रहरी बरिष्ठ हवल्दार बिष्णु सिंहलाई सेवाग्राहीबाट रु.१,००,०००।–(एक लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा प्रहरी प्रभाग, बुढानीलकण्ठ, काठमाडौमा कार्यरत प्रहरी बरिष्ठ हवल्दार बिष्णु सिंहले बालुवा व्यवस्थापन गर्न सहजीकरण गरी दिएवापत सेवाग्राहीसँग रु.१,००,०००।– घुस/रिसवत माग गरी लिएको पुष्टि हुन आएकोले निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको हुँदा निज प्रहरी बरिष्ठ हवल्दार बिष्णु सिंहलाई बिगो रु.१,००,०००।- (एक लाख रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफा ३ को उपदफा (१) को देहाय खण्ड (ग) बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल